# माधव नारायण नगरपालिका
# Madhav Narayan Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

माधोपुर, रौतहट
Madhopur, Rautahat,
Province No. 2, Nepal

सम्पर्क : ९८५५०४०८२९
९८५५०४४०२५
९८५५०४०४१७


पत्र संख्या : ०७७/०७८
चलानी नं. :
प्राप्त प.सं/च.नं.

मिति :- २०७७/१२/०९

### नगरपालिकाको लोगो तयार गर्नका लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/१२/०९**

माधव नारायण नगरपालिका, नगर कार्यपालिकाको निर्णयानुसार आफ्नो छुट्टै पहिचान सहितको माधव नारायण नगरपालिकाको आफ्नो सरकारी लोगो तयार गर्नका ईच्छुक डिजाईनकर्ताहरुले माधव नारायण नगरपालिकाको सम्पूर्ण सांस्कृतिक, सामाजीक, आर्थिक, शैक्षिक लगायतका तपसिलमा उल्लिखित अवस्थाहरुको चित्रण गर्ने गरी लोगो डिजाईन तयार पारी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सूचनामा उल्लेख गरिए अनुसारको प्रस्ताव पेश गर्ने विधि अनुसार माधव नारायण नगरपालिकाको कार्यालयमा सोझै वा हुलाक मार्फत पेश गर्नुहुन अनुरोध छ। साथै पेश भएका प्रस्तावहरुमध्येबाट सर्वोत्कृष्ट प्रस्ताव स्वीकृत गरी नगरपालिकाबाट उचित पुरस्कार प्रदान गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल (लोगोमा समावेश हुनुपर्ने कुराहरु)**

१. **नेपालको राष्ट्रिय झण्डा** - नेपालको पहिचान र गौरवको प्रतिक
२. **नेपालको राष्ट्रिय फूल लालीगुराँस** - नगरपालिकाका ९ वडाहरुको एकताको प्रतिक
३. **नगरपालिकाको नाम** - नगरपालिकाको चिनारी
४. **नगरपालिकाको भौगोलिक तथा राजनीतिक नक्सा** - नगरपालिकाको सिमाना तथा भूगोलको प्रतिक
५. **नारी-पुरुषले हत्केला जोडि सो मा ज्योती बल्दै गरेको** - समृद्ध नगरपालिका निर्माणमा नगरबासीहरुको एकता तथा लैङ्गिक समानताको प्रतिकका साथसाथै शिक्षाको ज्योतीले नगर प्रगती उन्मुख हुने संकेत
६. **लहलहाउँदा बाला सहितको खेतीयोग्य जमिन** - उर्वर, उब्जाउ, कृषिप्रधानता तथा आत्मनिर्भरताको प्रतिक
७. **जातजाती तथा संस्कृती झल्कने मानिस** - नगरपालिकाभित्र विभिन्न धर्म, संस्कृती तथा जातजातीको बसोबास रहेको प्रतिक
८. **निलो, हरियो, पहेंलो, रातो र सेतो रङ्ग** - क्रमश : नगरपालिकाभित्रको नदीनाला र स्वच्छ पानीको प्रतिक, खेतीयोग्य उर्वरभूमी र कृषकको प्रतिक, सौभाग्यको प्रतिक, आर्थिक क्रान्ति सँगै समृद्धिको प्रतिक, शान्त र सुखी नगरवासीको प्रतिक
९. **अन्य उपयुक्त ठानिएका चिन्ह/प्रतिकहरु**

**प्रस्ताव पेश गर्ने विधि**

१. आफूले तयार गरेको लोगो डिजाईनको व्याख्या सहित माधव नारायण नगरपालिकाको कार्यालय, माधोपुर, रौतहटमा उपस्थित भई वा हुलाक मार्फत सिलबन्दि गरी प्रस्ताव पठाउन सकिनेछ। प्रस्तावसँगै लोगो डिजाईनको विस्तृत व्याख्या/वर्णन समेत संलग्न राखि पठाउनुपर्नेछ।
२. प्राप्त प्रस्तावहरु गोप्य राखिनेछ र तोकिएको मितिमा बस्ने नगर कार्यपालिका बैठकमा मात्र प्रस्ताव/डिजाईन सार्वजनिक गरिनेछ। आवश्यक परेको खण्डमा प्रस्तावकले लोगो डिजाईनको व्याख्या/वर्णन गर्नुपर्ने देखिएमा प्रस्तावकलाई सम्पर्क गरी व्याख्या/वर्णनका लागि बोलाउन सकिनेछ।
३. पेश भएका प्रस्ताव/डिजाईनमध्ये कुनै एक प्रस्तावकको प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा कुनै एक वा एक भन्दा बढि प्रस्तावकको डिजाईनलाई समायोजन गरी नयाँ लोगो बनाउने अधिकार कार्यपालिकालाई रहनेछ। एक वा एक भन्दा बढी प्रस्ताव/डिजाईनलाई समायोजन गरी नयाँ लोगो स्वीकृत भएको अवस्थामा त्यसरी छनौट भएका प्रस्ताव/डिजाईनकर्तालाई कार्यपालिकाको निर्णय बमोजीम उचित पुरस्कारको व्यवस्था गरिनेछ।

२०७७/१२/०९

**प्रलव कायस्थ**
**प्रमुख प्रशासकिय अधिकृत**